आज मिति: २०७९/०९/१३ गतेका दिन गाउँपालिका अध्यक्ष श्री शम्भु कुमार सिंहको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपसिल बमोजिको प्रस्ताव तथा निर्णय गरियो ।

तपसिल

श्री शम्भु कुमार सिंह	अध्यक्ष	
श्रीमती शिला देवी	उपाध्यक्ष	
श्री प्रधुमन चौधरी	वडा अध्यक्ष	
श्री सुरेश चौधरी	वडा अध्यक्ष	
श्री धर्मेन्द्र कुमार झा	वडा अध्यक्ष	
श्री रामानन्द प्रसाद	वडा अध्यक्ष	
श्री धर्मनाथ चौधरी	वडा अध्यक्ष	
श्री सिकिन्द्र कुमार चौधरी	कार्यपालिका सदस्य	
श्री रामनाथ साह	कार्यपालिका सदस्य	
श्री बिना देवी	कार्यपालिका सदस्य	
श्री शान्ती देवी	कार्यपालिका सदस्य	
श्री जुडिया देवी	कार्यपालिका सदस्य	
श्री रिंकु देवी	कार्यपालिका सदस्य	
श्री ओम प्रकाश यादव	सदस्य सचिव	

CamScanner

प्रस्तावहरु :

१. "घ" वर्ग को निर्माण व्यवसायी इजाजत-पत्र २०७९ सम्बन्धी कार्यविधि प्रकाशन तथा स्वीकृति सम्बन्धमा ।

२. घर नक्सा पास तथा घर कायम कार्यविधि २०७९ स्वीकृति सम्बन्धमा ।

३. गाउँपालिकाको फोहोर मैला व्यवस्थापन ऐन २०७९ स्वीकृति सम्बन्धमा।

निर्णयहरु :

१.प्रस्ताव नं.१ माथि छलफल गर्दा यस दुर्गा भगवती गाउँपालिका अन्तर्गतका सबै वडाहरुमा "घ" वर्ग को निर्माण व्यवसायी इजाजत-पत्र २०७९ सम्बन्धी कार्यविधि प्रकाशन तथा स्वीकृत गरि सोहि अनुसार कार्यान्वयन गर्ने सर्व सहमतिबाट निर्णय गरियो ।

२. प्रस्ताव नं.२ माथि छलफल गर्दा यस दुर्गा भगवती गाउँपालिका अन्तर्गतका सबै वडाहरुमा अब उपरान्त घर नक्सा पास तथा घर कायम २०७९ स्वीकृत गरि सोहि अनुसार कार्यान्वयन गर्ने सर्व सहमतिबाट निर्णय गरियो ।

३. प्रस्ताव नं.३ माथि छलफल गर्दा यस दुर्गा भगवती गाउँपालिका अन्तर्गतका सबै वडाहरुमा फोहोर मैलाको उचित व्यवस्थापनका लागि दुर्गा भगवती गाउँपालिकाको फोहोर मैला व्यवस्थापन ऐन २०७९ स्वीकृत गरि सोहि अनुसार कार्यान्वयन गर्ने सर्व सहमतिबाट निर्णय गरियो ।

CamScanner

"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७९

दुर्गा भगवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गंगा पिपरा, रौतहट
मधेश प्रदेश, नेपाल

स्थानीय राजपत्र

कार्यपालिकाबाट स्वीकृत मितिः –२०७९।०९।१३

CamScanner

प्रस्तावना : स्थानीय स्तरको विकास निर्माणमा निजिक्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजिक्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन **ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०)** ले दिएको अधिकार प्रयोग गरी **दुर्गा भगवती गाउँपालिकाले** यो कार्यविधि जारी गरेको छ ।

प्रारम्भ

(१) संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "घ" बर्गको निर्माण व्यवसायी ईजाजतपत्र दर्ता तथा नविकरण सम्वन्धि कार्यविधि, २०७९ रहेको छ ।
२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

(२) परिभाषा : यस कार्यविधिमा विषय र प्रसंगले अर्को अर्थ नलागेमा ,
क) **"ऐन"** भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्छ ।
ख) **"कार्यविधि"** भन्नाले **दुर्गा भगवती गाउँपालिका**को "घ" बर्गको निर्माण इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७९" लाई सम्झनु पर्छ ।
ग) **"कार्यपालिका"** भन्नाले **दुर्गा भगवती गाउँपालिका**लाई सम्झनु पर्छ ।
घ) **"प्रमूख प्रशासकीय अधिकृत"** भन्नाले **दुर्गा भगवती गाउँपालिका**को प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(३) इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :
प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

(४) नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्था :
(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस **दुर्गा भगवती गाउँपालिका**को कार्यालयमा प्रमूख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमूख प्रशासकीय अधिकृतले अनुसूची-४ बमोजिमको योग्यता भए/नभएको सम्वन्धमा सिभिल ईन्जिनीयर/सव ईन्जिनीयर सहित सदस्य भएको समितिवाट जाँचवुझ गराउनु पर्नेछ ।

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयकालागि कार्यपालिकाको वैठकमा पेश गर्नुपर्ने छ ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म /कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय बमोजिम **दुर्गा भगवती गाउँपालिका**को प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

(५) इजाजतपत्रको अवधि र नवीकरण :

(१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालु आर्थिक वर्षको अन्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित सम्वन्धित **दुर्गा भगवती गाउँपालिकावाट** अनुसूची-२ बमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । इजाजत पत्र नविकरण गर्न **दुर्गा भगवती गाउँपालिकामा** कागजात पेश गर्दा अनुसूची-४ बमोजिमको पास वुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । यसरी अनुसूची-५ बमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न **दुर्गा भगवती गाउँपालिका** वाध्य हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरीदिनेछ ।

४) **इजाजतपत्रको खारेजी :**

(१) देहायको अवस्थामा **दुर्गा भगवती गाउँपालिकाले** निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :

(क) झुट्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्ठाविवरण पेश गरको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा ।

२) उपदफा (१) वमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा **दुर्गा भगवती गाउँपालिकाले** त्यसको जानकारी सम्वन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

५) **इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्था :**

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ ।

६) **प्रचलित कानून बमोजिम हुने :**

यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

७) बचाउः

यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

अनुसुची-१

कार्यविधिको दफा २ को उपदफा (१) संग सम्बन्धीत ईजाजतपत्रको लागि दरखास्त

विषयः- इजाजत पत्र पाउँ भने बारे ।

श्री दुर्गा भगवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, गंगा पिपरा, रौतहट ।

यस दुर्गा भगवती गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७९ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि इजाजतपत्र पाउन निम्न विवरण गरी यो दरखास्त पेश गरिएको छ ।

१.दरखास्त पेश गर्ने फर्म वा कम्पनी

नाम
ठेगाना
ईमेल
टेलिफोन नं. फ्याक्स नं. पोष्ट बक्स नं.

२.फर्म वा कम्पनीको प्रकृति

☐ प्राईभेट लिमिटेड कम्पनी एकलौटी ☐ पब्लिक लिमिटेड कम्पनी – साझेदारी

(कोष्ठमा रेजा लगाउनु पर्नेछ)

३.सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको

नाम थर
ठेगाना
ईमेल
टेलिफोन नं. फ्याक्स नं.

४.फर्म वा कम्पनीको विवरण

दर्ता नं. दर्ता मिति
अधिकृत पुंजी जारी पंजी

र्ता गर्ने कार्यालयको नाम ठेगाना

५.इजाजतपत्र लिन चाहेको वर्ग (घ)

६.समुहीकरण हुन चाहेको समुह

७.आर्थिक श्रोतको विवरण

विवरण	रकम	वित्तिय संस्था /बकै को नाम
स्थानीय ओभरडाफ्ट		
मुद्दती खाता		

अनुसुची-५

कार्यविधिको दफा ३ को उपदफा (२) संग सम्बन्धीत

निर्माण व्यवसायीबाट भएको सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासबुक)

क्र. स.	आयोजनाको नाम	सार्वजनिक निकायको विवरण	संयूक्त उपक्रमको नाम (यदि भएमा)	शेयर प्रतिशत	ठेक्का विवरण	सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण	समयवधि थप विवरण (यदि भएमा)	Variation को विवरण (यदि भएमा)	प्रगति विवरण	ठेक्का सम्पन्न विवरण	कैफियत
					क) ठेक्का रकम	क) नाम	क) थप समय	क) Variation पछिको Contract amount	क) सम्पन्न रकम	क) अन्तिम ठेक्का रकम	
					.....	.....	.....	.....	.....	.....	
					ख) सम्झौता मिति	ख) पद	क) नाम	क) Variation को निर्णय गर्ने पदाधिकारीको नाम	ख) सम्पन्न मिति	ख) सम्पन्न मिति	
					.....	.....	.....	.....	.....	.....	
					ग) ठेक्का अवधि	ग) हस्ताक्षर	ख) पद	ख) पद	ग) सम्पन्न प्रतिशत		
					.....	.....	.....	.....	.....		
						घ) छाप	ग) हस्ताक्षर	ग) हस्ताक्षर	घ) नाम	घ) नाम	
							घ) निर्णय मिति.....छाप	घ) छाप	पद .....हस्ताक्षर	पद .....हस्ताक्षर	
									.....छाप	.....छाप	

प्रमाणीकरण मिति २० । ।

इजाजत पत्र वाहकको दस्तखत र छाप

आज्ञाले
ओम प्रकाश यादव
प्रमुख प्रशासकीय अधिकृत